# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

## जिल्ला समन्वय समिति काठमाडौंको स्वामित्वमा चन्द्रागिरी नगरपालिका वडा नं. १२ वलम्वुमा रहेको खाली जग्गा भाडामा दिने सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०६/०६**

जिल्ला समन्वय समिति, काठमाडौंको स्वामित्वमा चन्द्रागिरी नगरपालिका वडा नं १२ वलम्वुमा रहेको कलंकी–नागढुंगा मुल सडकसंग जोडिएको करीव १४ रोपनी खाली जग्गामा कुनै पनि किसिमको स्थायी संरचना वनाउन नपाउने गरी अधिकतम १० वर्षसम्मको लागि भाडामा दिइने भएकाले भाडामा लिन ईच्छुक मु.अ.करमा दर्ता भएको फर्म वा कम्पनीहरूले रू. ३,०००।०० (तीन हजार) फिर्ता नहुने गरी जि.स.स.को प्रशासन शाखाबाट फाराम खरिद गरी प्रति वर्षको लागि एकमुष्ट भाडा रकम कवोल गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको समयमा) निम्नानुसारको शर्तहरूको अधिनमा रही आफूले उक्त जग्गामा गर्न चाहेको कामको प्रकृति र कवोल अंक खुल्ने गरी शिलवन्दी बोलपत्र जि.स.स.को प्रशासन शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरू:</u>**

१. वोलपत्रदाताले कवोल गरेको कवोल अंकको २.५% ले हुने रकम ने.रा.वैंकको १२०४७०१००१०३०५२४ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर कवोल अंकसाथ पेश गर्नुपर्नेछ ।
२. भाडामा लिने फर्म, कम्पनीले उक्त स्थानमा कुनै प्रकारको स्थायी प्रकृतिको संरचना निर्माण गर्न पाउने छैन ।
३. प्रति रोपनी २ लाख पचास हजारका दरले करीव १४ रोपनीको न्यूनतम भाडा रकम वहालकर सहित वार्षिक रू. ३५,००,०००।०० (पैंतीस लाख मात्र) कायम गरिएको छ ।
४. वोलपत्रदाताले कवोल गरेको रकमलाई पहिलो वर्षको भाडादर कायम गरिनेछ । साथै त्यस पछिका प्रत्येक २/२ वर्षमा भाडा मूल्यमा १० प्रतिशतले भाडा वृद्धी गरि हुन आउने कुल रकमलाई भाडादर कायम गरिनेछ ।
५. कवोल गरेको भाडा वापतको वार्षिक रकम ३ किस्तामा वुझाउनुपर्नेछ । पहिलो किस्ता सम्झौताको वखत वुझाउनुपर्नेछ ।
६. बोलपत्रको प्रस्ताव स्वीकृत भए पश्चात निजले कवोल गरेको भाडा वापतको वार्षिक रकमको वैंक ग्यारेण्टी सम्झौताको वखत पेश गर्नुपर्ने र उक्त वैंक ग्यारेण्टीको म्याद समाप्त हुनुअगाडि नै वार्षिक रूपमा नविकरण गरी पेश गर्नुपर्नेछ ।
७. बोलपत्रदाताले कवोल गरेको अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन ।
८. बोलपत्र स्वीकृत भई सम्झौता भए पश्चात निर्माण हुने अस्थायी प्रकृतिको घर, टहरा जस्ता संरचनाहरू सम्झौताको अवधि व्यतित भएको मितिले १ महिना भित्र अनिवार्य रूपमा भत्काई लैजानुपर्नेछ । भत्काई नलगेमा सो भत्काउदा/व्यवस्थापन गर्दा लाग्ने खर्च सम्वन्धित पक्षबाट नै व्यहोरिनेछ ।
९. उक्त खाली स्थानमा रहेको चाईनिज ईट्टाले वनेको २ वटा भवनहरू भाडामा लिनेले संरक्षण गरी उपयोग गर्न सक्नेछ ।
१०. वातावरण प्रदुषण, ध्वनि प्रदुषण हुने किसिमको उद्योग व्यवसाय संचालन गर्न पाउने छैन ।
११. शिलवन्दी बोलपत्रदाताले कवोल अंकको निवेदन पेश गर्दा खाममा स्पष्टसंग फर्म वा कम्पनीको नाम, ठेगाना तथा वोलपत्रदाताको नाम ठेगाना स्पष्ट खुलाई पेश गर्नुपर्नेछ ।
१२. कुनै शर्त राखेको, म्याद नाघेको, केरमेट भएको, रित नपुगी पेश हुन आएको शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।
१३. बोलपत्रदाताले शिलवन्दी निवेदनको साथ फर्म, कम्पनी दर्ता तथा नविकरणको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
१४. राजमार्गसंग जोडिएको क्षेत्र भएकोले राजमार्गको सवारी आवागमनमा असर नपर्ने गरी कार्य संचालन गर्नुपर्नेछ ।
१५. भाडा सम्झौता भएपश्चात सम्झौता अवधि व्यतित हुनु अगावै नेपाल सरकार वा जि.स.स.ले उक्त जग्गाको उपयोग गर्नुपर्ने अवस्था भएमा कम्तिमा ३(तीन) महिना अगावै सूचना गरी त्यस स्थानमा निर्मित सवै संरचनाहरू र लागतको क्षतिपूर्ति दिई उपयोग गर्न सक्नेछ ।
१६. बोलपत्र फाराममा उल्लेख गरिएको प्रयोजन भन्दा फरक किसिमबाट जग्गाको उपयोग र व्यापार व्यवसाय गर्न पाउने छैन ।
१७. भाडामा लिनेले खाली जग्गामा निर्माण गर्ने अस्थायी संरचनाहरूको प्रचलित कानून वमोजिम लाग्ने कर महशुल आदि भाडामा लिनेले तिर्नुपर्नेछ । जग्गा र निर्मित संरचनाहरूको सुरक्षा र संरक्षणको दायित्व भाडामा लिनेको हुनेछ ।
१८. बोलपत्र फाराम मिति २०७५ कात्तिक ४ गते कार्यालय समय भित्र खरिद गरी मिति २०७५ कात्तिक ५ गते दिनको १२.०० वजे भित्र कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । उक्त बोलपत्रहरू सोही दिन दिनको १ वजे बोलपत्रदाताहरू र अन्य कार्यालयको प्रतिनिधिहरूको उपस्थितिमा जि.स.स.को कार्यालय, ववरमहल काठमाडौंमा खोलिनेछ । बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
१९. शिलवन्दी बोलपत्र सम्वन्धी अन्य कुरा वुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।
२०. शिलवन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार जि.स.स.मा सुरक्षित रहनेछ ।
२१. यो सूचना जि.स.स.को वेवसाईट www.ddcktm.gov.np मा पनि हेर्न सकिनेछ ।
२२. यसमा उल्लेख नभएका अन्य शर्तहरू प्रचलित कानून वमोजिम र जि.स.स.को निर्णय वमोजिम हुनेछ ।

*(मिति २०७५/०६/०६ गतेको राजधानी दैनिकमा प्रकाशित)*